प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

जनज्योति साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : २५ ■ २०८३ असोज २५ गते आइतबार ■ Sunday, 11 Oct. 2026 ■ मूल्य रू. ७।-

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चाडपर्वमा सरकारको सुरक्षा प्रबन्ध

बिमल लामिछाने

दमक/ नेपालीहरूको महान् चाडपर्व नजिकिँदै गर्दा यस वर्षको माहोल सधैँझैँ उल्लासमय र चम्किलो देखिएको छैन । प्राकृतिक विपद्, बाढी, पहिरो, डुबान तथा पहिरोका कारण अवरुद्ध सडकहरूले देशका विभिन्न भूभागमा जनजीवन अस्तव्यस्त बनाएको छ ।

एकातर्फ महामारी र दैवी विपद्ले निम्त्याएको गहिरो पीडा छ भने अर्कातर्फ बजारको चरम महँगी, ग्यासको अभाव र आपूर्ति शृंखलामा देखिएको अवरोधले आम नागरिकको जीवन थप कष्टकर बन्न पुगेको छ। यस्तो संवेदनशील र विषम घडीमा चाडपर्वको उल्लास, विपद्को पीडा र प्रशासनिक उत्तरदायित्वबिचको सन्तुलन कायम गर्दै राज्यका विभिन्न निकायले अगाडि बढाएका कदमहरूको वस्तुपरक समीक्षा गर्नु आजको मुख्य आवश्यकता बनेको छ ।

चाडपर्वको मौका छोपी हुने अस्वाभाविक मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारीलाई पूर्णरूपमा नियन्त्रण गर्न सरकारले बजार अनुगमनलाई अत्यधिक सघन बनाउने घोषणा गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित साप्ताहिक प्रेस ब्रिफिङमार्फत संघ, प्रदेश र स्थानीय तहबिचको त्रिपक्षीय समन्वयलाई बलियो बनाउँदै कालोबजारी गर्नेलाई ठाडो र कडा कारबाही गर्ने चेतावनी दिइएको छ । आगामी चाडपर्व र विपद्पश्चातको गम्भीर अवस्थालाई मध्यनजर गर्दै अत्यावश्यक वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ७५औं बैठकले विशेष निर्णयहरू सार्वजनिक गरेको छ। अत्यधिक भीडभाड हुने क्षेत्रमा शान्ति सुरक्षाको कडा प्रबन्ध मिलाउनुका साथै स्वास्थ्य, खानेपानी, विद्युत् र सरसफाइ जस्ता अतिआवश्यक सेवाहरू बिनाअवरोध सुचारु राख्न निर्देश गरिएको छ। यसैक्रममा, मन्त्रिपरिषद्को गत असोज २१ गतेको निर्णयअनुसार भूमि, विपद् र वनसम्बन्धी कानुनी अड्चनहरू फुकाउन तीनवटा महत्वपूर्ण अध्यादेशहरू जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ, जसले आगामी दिनमा विपद् व्यवस्थापन र राहत वितरणलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

यसैबिच, नागरिकका गुनासाहरू सुनुवाइ गर्ने राज्यको आधिकारिक डिजिटल प्लेटफर्म 'हेलो सरकार' मा यस साता मात्रै १,७६७ वटा गुनासाहरू दर्ता भएका छन्। यी गुनासाहरूमा श्रमिक वर्गको पारिश्रमिक तथा दसैं भत्ता भुक्तानी नभएको विषय, ग्यासको चर्को अभाव, सार्वजनिक यातायातका साधनले लिएको अत्यधिक भाडा वृद्धि र बिलबिजक जारी नगरिएका प्रवृत्तिहरू प्रमुख रूपमा समेटिएका छन्। नागरिक स्तरबाट आएका यी जायज गुनासाहरूले बजारको वास्तविक अवस्था र मजदुर वर्गले भोगिरहेका आर्थिक कष्टलाई छर्लङ्ग पारेका छन्। यता, राष्ट्रिय सतर्कता केन्द्रले विभिन्न सरकारी कार्यालयहरूमा गरेको छड्के अनुगमनका क्रममा समयको पालना नगर्ने र तोकिएको पोसाक नलगाउने १,१६७ जना लापरवाह

बाँकी ४ पेजमा ▸▸

बडादशैं सुरू, आज घटस्थापना

दमक/ नेपालीहरुको महान पर्व बडादशैं आजबाट सुरु भएको छ। आज पहिलो दिन घटस्थापना हो ।

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास र धूमधामका साथ बडादशैं मनाइन्छ। बडादशैंको पहिलो दिन आज घर-घरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ ।

गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दशैं घरमा पवित्र नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई जौ छरेर विधिपूर्वक जमरा राखिन्छ। जौको अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसहित समृद्धिको प्रतीक पहेँलो जमरा ग्रहण गरिन्छ ।

बडा दसैंको घटस्थापनाको अघिल्लो दिन बजारमा जमरा राख्न आवश्यक सामग्री खरिदबिक्री गर्नेको चहलपहल बढेको थियो । घटस्थापनाका लागि माटाका भाँडा, मकै, जौलगायत सामग्री खरिद गर्न स्थानीय तथा सर्वसाधारण बजार पुगेका छन्। नेपालीहरूको प्रमुख चाड बडा दसैंको सुरुवातसँगै बजारमा पूजासामग्री किनमेल गर्नेको चहलपहल पनि बढेको छ ।

नेपाली कांग्रेसको सभापतिमा गगन थापा विजयी

दमक/ नेपाली कांग्रेसको सभापतिमा गगनकुमार थापा विजयी भएका छन्। १५औं महाधिवेशन अन्तर्गत भएको निर्वाचनमा थापा ६ हजार ५८४ मत (९३.८८ प्रतिशत) प्राप्त गर्दै सभापतिमा विजयी भएका हुन् ।

सभापति पदका अर्का उम्मेदवार श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गरेका छन्। कुल ७ हजार १३ मत खसेको निर्वाचनमा ५४ मत बदर भएको छ ।

कुल खसेको मतका आधारमा थापाले ९३.८८ प्रतिशत मत प्राप्त गरेका छन्। खड्गीले ५.३५ प्रतिशत मत पाउँदा ०.७७ प्रतिशत मत बदर भएको छ। थापाले खड्गीभन्दा ६ हजार २०९ मत बढी प्राप्त गरेका छन् ।

यसअघि कांग्रेसको १४औं महाधिवेशनबाट महामन्त्री निर्वाचित भएका थापा पार्टीभित्र नेतृत्व परिवर्तन र संगठनात्मक सुधारको अभियानमा सक्रिय थिए। तत्कालीन महामन्त्री थापासहितका नेताहरूको पहलमा भएको विशेष महाधिवेशनले उनलाई सभापतिमा चयन गरेको थियो ।

विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन भएपछि कांग्रेसभित्र पार्टीको वैधानिकता, संगठनात्मक संरचना र नेतृत्वको विषयमा बहस भएको थियो। त्यसपछि भएको १५औं महाधिवेशनबाट थापा सभापतिमा विजयी भएका हुन् ।

ससुराले बुहारी कुट्दा काखमा रहेको शिशुको मृत्यु, चारजना पक्राउ

दमक/ झापाको दमकस्थित बेलडाँगी शरणार्थी शिविरमा घरायसी विवादका क्रममा भएको कुटपिटबाट तीन महिने शिशुको मृत्यु भएको छ। ससुराले बुहारीमाथि कुटपिट गर्दा उनको काखमा रहेका शिशु घाइते भएका थिए। उपचारका क्रममा शिशुको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दमक नगरपालिका(३ स्थित शिविरको सेक्टर डी(२ मा बिहीबार दिउँसो करिब १:२० बजे एकै परिवारका सदस्यबीच घरायसी विषयलाई लिएर विवाद भएको थियो। विवादमा ६८ वर्षीय मनबहादुर तामाङ, उनकी ६२ वर्षीया श्रीमती आशा तामाङ, ३४ वर्षीय छोरा फुर्बासिंह तामाङ र ३८ वर्षीया बुहारी बिमला भारती संलग्न रहेको प्रहरीले जनाएको छ ।

विवादका क्रममा मनबहादुरले बुहारी बिमलामाथि कुटपिट गर्दा उनको काखमा रहेका तीनमहिने छोरा सामेल तामाङलाई चोट लागेको थियो। घाइते शिशुलाई उपचारका लागि दमक अस्पताल लगिएकोमा दिउँसो २:०५ बजे उपचारकै क्रममा मृत्यु भएको हो। घटनापछि प्रहरीले मनबहादुर, आशा, फुर्बासिंह र बिमलालाई इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको जनाएको छ। घटनाको कारण र परिस्थितिबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

एकैदिन ८ दुर्घटना, ११ जना घाइते

झापा/ निर्माणाधीन एसियन हाइवेको साँघुरो चाप र नजिकिँदो चाडपर्वमा अवागमन बाक्लिँदै गएका कारण केही दिनदेखि झापामा सवारी दुर्घटना अत्यधिक बढेको छ ।

शुक्रवार बिर्तामोड क्षेत्रमा एकैदिन जम्मा आठवटा सवारी दुर्घटना भएका छन्। जसमा ११ जना घाइते भएका छन्। घाइतेमध्ये दुई जनाको अबस्था गम्भीर रहेको छ। सबैभन्दा बढी दुर्घटना हुनेमा मोटरसाइकल रहेको बिर्तामोड प्रहरीले जनाएको छ। शुक्रबार जिल्लाभरि ९ वटा दुर्घटना भएको र ती दुर्घटनामा १२ जना घाइते भएको जिल्ला टड्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

झापामा चिया परीक्षण प्रयोगशाला स्थापनाको माग

दमक/ चियाको गुणस्तर परीक्षणलाई सहज बनाउँदै नेपाली चियाको बजार पहिचान कायम राख्न झापामा चिया परीक्षण प्रयोगशाला स्थापना गर्न व्यवसायीहरुले माग गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय झापाको पहलमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय झापाको आयोजनामा तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरको समन्वयमा शुक्रबार आयोजित चिया उद्योगी तथा सरोकारवालाबिचको अन्तरक्रियामा प्रयोगशाला स्थापनाका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरिएको हो ।

चिया उत्पादनको लामो इतिहास बोकेको झापामा परीक्षण प्रयोगशाला स्थापना हुँदा चियाको गुणस्तर परीक्षण गर्न सहज हुने र गुणस्तर सुधारमा सहयोग पुग्ने सहभागीको भनाइ थियो। हाल राष्ट्रिय चिया तथा कफी विकास बोर्डको केन्द्रीय कार्यालय काठमाडौँमा मात्र चिया परीक्षण प्रयोगशाला रहेको जनाइएको छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले नेपाली चियाले अन्तर्राष्ट्रिय बजारमा बनाएको पहिचान कायम राख्न गुणस्तरमा विशेष ध्यान दिनुपर्ने बताए। उनले चियाको उत्पादनदेखि प्याकेजिङ र बजारसम्म गुणस्तर कायम राख्न सम्बन्धित निकाय, उद्योगी तथा व्यवसायीबिच समन्वय आवश्यक रहेको बताए ।

अन्तरक्रियामा तयारी चियाको गुणस्तर, खाद्य सुरक्षा मापदण्डको पालना, उपभोक्ताको स्वास्थ्यमा पर्न सक्ने असर तथा मापदण्ड विपरीत रङ वा अन्य पदार्थ प्रयोग गरेमा प्रचलित कानुनअनुसार हुने दण्ड, जरिवाना र सजायका

बाँकी ४ पेजमा ▸▸

कांग्रेसमा इतर पक्षको गतिविधि

विष्णु सुब्बा

दमक / नेपाली कांग्रेस संस्थापनले १५ औं महाधिवेशन सम्पन्न गरिरहेको अवस्थामा सोही महाधिवेशनको समानान्तर गतिविधिसहित कांग्रेस इतर समूह (देउवा पक्ष) १५ औं केन्द्रीय महाधिवेशनको तयारीमा जुटेको छ। यसै सन्दर्भमा नेपाली कांग्रेस इतर (देउवा पक्ष) ले झापाको क्षेत्र नं. ५ को पालिका, प्रदेश, क्षेत्रीय र महाधिवेशन प्रतिनिधिहरु छनौट गरिसकेको छ ।

शुक्रवार झापाको कमल गाउँपालिका ५ पाडाजुंगीस्थित रोडस्टार पार्टी प्यालेसमा सम्पन्न १५ औ नियमित महाधिबेशन अन्तर्गत अधिवेशनले पालिका, प्रदेशसभा, क्षेत्रीय र महाधिवेशन प्रतिनिधिहरुमा नेतृत्व चयन गरेको हो ।

जसअनुसार कांग्रेस ५ को सभापतिमा अमृत कटुवाल,सचिवमा मिलन आचार्यलाई चयन गरेको छ। अधिवेशनबाट प्रदेशसभा क्षेत्रीय सभापति, महासमिति सदस्य र ३५ जना महाधिवेशन प्रतिनिधिसमेत निर्वाचित भएका छन्। कांग्रेसको संस्थापनइतर समूहले महाधिवेशनका गतिविधिलाई तीव्र बनाउने क्रममा क्षेत्रीय अधिवेशन सम्पन्न गरिएको क्षेत्रीय संयोजक जितेन साम्पाङले जानकारी दिए। अधिवेशनको प्रमुख आतिथ्य पूर्वसांसद महेन्द्रकुमारी

बाँकी ४ पेजमा ▸▸

भोगटेनीमा स्ट्रबेरी खेती फस्टाउँदै

उर्लाबारी/ चार वर्षअघिसम्म मकै, कोदो, जुनेलो र गहुँ खेती गर्ने मोरङको केराबारी-३, भोगटेनीका किसान यतिबेला धमाधम स्ट्रबेरी रोपिरहेका छन्। परम्परागत बालीले वर्षभरि खानसमेत नपुग्ने भोगटेनीका किसान हाल आएर स्ट्रबेरी बेचेर आफ्नो खर्च व्यवस्थापन गरिरहेका छन् ।

चार वर्षअघि पूजा मगरले गाउँमा स्ट्रबेरी खेती सुरु गर्दा छिमेकीले पनि पत्याएका थिएनन्। १८ वर्षीय पूजाले रहरले गमलामा रोपेको स्ट्रबेरीका तिनै बिरुवाले हाल भोगटेनीलाई स्ट्रबेरी गाउँको परिचय दिलाएको छ । पूजाका अनुसार सुरुमा स्ट्रबेरी लगाउँदा छिमेकीले पनि खासै पत्याएका थिएनन्। अहिले त खाद्यबाली लगाउने जमिनमा

स्ट्रबेरी लगाउन थाल्नुभएको छ। केराबारी-३, भोगटेनीडाँडाका सबै जसोले स्ट्रबेरी लगाएका छन् ।

पूजाका दाजु निर्मल कृषि प्राविधिक र आमा पूर्णकुमारी मगर सामाजिक कार्यकर्ता हुन्। आमा र दाजुको हौसला अनि मेनोमेन्ट सेन्ट्रल कमिटी नेपाल र ब्रेड फर द वर्ल्ड जर्मनीको सहयोगमा पहाडी ग्रामीण विकास संस्था (हर्डन) ले पाँच प्रतिशत ब्याजदरमा सहुलियत कर्जा दिएपछि पूजाको दैनिकी नै स्ट्रबेरी खेतीमा बित्न थालेको हो। हर्डनले युवाको रुचि अनुसार सिप सिकाएर ऋण

बाँकी ४ पेजमा ▸▸

सम्पादकीय

सुरक्षा प्रभावकारी बनाउन आवश्यक

चाडबाड आयो भन्नेवित्तिकै बजारमा चहलपहल शुरू हुन्छ । गाउँघरमा सरसफाई र वाटो, पुल पुलेसो र भत्केका दलानसम्म पुनर्निर्माणका योजना बनाइन्छ । सबैले आफ्नो औकात अनुसारको खानपिन र लवजलाई प्राथमिकता दिने चलन परापूर्व कालदेखि चल्दै र चलाईदै आएको विषय हो । तर कतिपय स्थानमा दशैं तिहार आयो भनिसक्दा चोरी डकैतीको त्रास पनि उत्तिनै हुनेगरेका पाइएको छ ।

दसैं, तिहार र छठजस्ता महान चाडपर्वहरु नेपालीका घरदैलोमा भित्रिँदै गर्दा समाजमा उल्लाससँगै सुरक्षागत चुनौतीहरु पनि थपिने गरेका छन् । चाडबाडका बेला यात्रा सहज बनोस् । मानिसमा एकआपसमा मिलेर बस्ने र मिठो मसिनो बनाएर खाने, हौसला मिलोस् । चोरी, लुटपाट र डकैति जस्ता क्रियाकलाप हुन नपाउन भनेर सरकारले प्रहरी प्रशासनको ठूलो संख्यामा परिचालन गरेर भएपनि शान्ति र अमन चयनकालागि योजना बनाउने गर्दै आएको छ ।

यसै सन्दर्भलाई मध्यनजर गर्दै कोशी प्रदेश प्रहरी कार्यालयले 'चाडपर्व सुरक्षा कार्ययोजना, २०८३' लागू गरी प्रदेशका १४ वटै जिल्लामा सुरक्षा व्यवस्था कडा पार्ने निर्णय गर्नु अत्यन्तै सकारात्मक र स्वागतयोग्य कदम हो। चाडपर्वका बेला हुने भिडभाड, आवतजावत र आर्थिक कारोबारलाई लक्षित गरी ८ हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन गर्नुले राज्यको उपस्थितिलाई दरिलो बनाएको आभास गराउँछ ।

चाडपर्वका समयमा घर फर्किने यात्रुहरु बाटामा ठगिने, सामान हराउने वा चोरी हुने जस्ता समस्या पुरानै प्रवृत्ति बिसंगति हुन् । यस्ता समस्या समाधानका लागि सञ्चालनमा ल्याइएका ७२ वटा यात्रु सहायता कक्ष, आपतकालीन अवस्थामा तत्काल खटिन तयार ४५३ क्विक रेस्पोन्स टिम (क्यूआरटी) र १५ वटा स्ट्राइकिङ टोलीले नागरिकलाई सुरक्षाको बलियो प्रत्याभूति दिनेछन् । त्यसैगरी, राजमार्गहरुमा २२ स्थानमा स्कर्टिङको व्यवस्था, ९८ मोबाइल गस्ती, २१५ पैदल गस्ती र १७९ स्थानमा संयुक्त जाँच (विशेष गरी मादक पदार्थ सेवन नियन्त्रण र ट्राफिक नियम पालनाका लागि) सञ्चालन गरिनुले सवारी दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल, बजार क्षेत्र तथा सीमानाकाका ८३ स्थानमा बढाइएको विशेष निगरानीले चाडपर्वको मौका छोपी हुने आपराधिक क्रियाकलाप, चोरी र तस्करीमा अंकुश लाग्ने अपेक्षा गर्न सकिन्छ । साथै, मठमन्दिर र शक्तिपीठहरुमा दर्शनार्थीको चापलाई ध्यान दिँदै मिलाइएको सुरक्षा प्रबन्धले धार्मिक अनुष्ठानलाई शान्तिपूर्ण बनाउनेछ ।

तसर्थ, चाडपर्वलाई सुरक्षित, मर्यादित र भयरहित बनाउने प्रहरीको यो लक्ष्य केवल एक्लो प्रयासले मात्र भने पूरा हुन सक्दैन । यसका लागि प्रहरीको सक्रिय उपस्थितिका साथै सुरक्षा निकायबीचको सुदृढ समन्वय र आम नागरिकको सचेतना एवं पूर्ण सहयोग अपरिहार्य हुन्छ । चाडपर्वको यो बेला सबै पक्ष जिम्मेवार बनेर संयम र सावधानी अपनाउन सके मात्रै पर्वको वास्तविक आनन्द लिन सकिन्छ । प्रदेश प्रहरीको यो कार्ययोजना कागजमा मात्र सीमित नभई फिल्डमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

जवनपयोगी अभिव्यक्ति

- शरीर कमजोर हुने मानिसको दिमाग चलाख हुँदैन ।
- आगो, नदी र समुन्द्रलाई कहिल्यै मित्र ठानेर जिस्कनु हुँदैन ।
- अरुको गल्तीबाट आफूलाई सुधार्ने मानिस महान हुन्छ ।
- डराउने मानिस कहिल्यै सफल हुँदैन ।
- युवा अवस्थामा दिन छोटा हुन्छन्, वर्ष लामा हुन्छन्, बुढेस कालमा वर्ष लामा हुन्छन् र दिन छोटा हुन्छन् ।
- सानो बच्चालाई लालीपप दिनु र ठूलालाई पुरस्कार दिनु एकै हो।
- खहरेलाई कहीं पुग्नु नपरे पनि उ हतारमै हुन्छ, तर नदी सागर मा पुग्नुपर्छ तै पनि उसलाई कुनै हतार हुँदैन ।
- अल्छी भएर जीवन विताउनु आत्महत्या गर्नु वारावर हो ।
- जसले अवसर मिल्ने बित्तिकै काम आरम्भ गर्छ, उसले आफ्नो काममा सफलता पाउँछ ।
- अर्को व्यक्तिले गरेको आचरण तिमीलाई मन पर्दैन भने उसलाई पनि तिमी त्यसो नगर ।
- हिउँ खपेको मकै र दु:ख खपेको मानिस कहिल्यै बिग्रदैन ।
- आफ्नो जीवनमा उद्देश्य राख र आफ्नो सम्पूर्ण शारीरिक र मनसेसक शक्ति त्यसमा लगाऊ ।
- नियम कानून मान्छेको लागि बनेको हो, मान्छे नियम कानूनको लागि होइन ।
- ॐ मूर्खहरूले ज्ञानी मानिसहरुबाट भन्दा ज्ञानी मानिसहरूले मुर्खहरूबाट धेरै सिक्छन् ।
- यदि झूठ बोलेर कसैको ज्यान बच्छ भने त्यो पाप होइन पूण्य हो ।
- राजा, वेश्या, यमराज, चोर, बालक, भिखारी र लोभीलाई अर्काको दुखको मर्म बुझ्ने शक्ति हुँदैन ।
- ॐ मान्छेको सबैभन्दा असल मित्र उसका दश औला नै हुन् ।
- यदि मन पवित्र छ भने तीर्थ गईरहनु आवश्यक छैन ।
- कुवाको पानी नसुकुन्जेल पानीको मूल्य थाहा हुँदैन ।
- उपाय हो । थोरै पढ्नु, धेरै सोच्नु, थोरै बोल्नु, धेरै सुन्नु नै बुद्धिमान बन्ने
- ॐ मान्छे रुदै जन्मन्छ, शिकायत गर्दै जिउँछ र निराश हुँदै मर्छ ।
- मित्र बनाउन सजिलो छ, तर कायम राख्न कठीन छ ।
- यदि तिमी आफूलाई वर्वाद गर्न चाहान्छौं भने धनी पत्नी विवाह गर।
- ठूला मानिसहरूका लागि जेल बनाउनु भन्दा बालकहरूका लागि स्कूल बनाउनु बेस ।
- तिमी जति बोल्छौ त्यसको दुई गुण सुन्ने गर ।
- ॐ सत्य बोल यदि त्यो तिम्रो विपरित भएपनि ।
- मानिसको महानता उसको पोशाकबाट होइन, चरित्रबाट थाहा हुन्छ ।
- मानिसको शरीरले जति धेरै सुविधा पायो, त्यति धेरै सुविधा मागिरहन्छ, जति धेरै सुविधा प्राप्त गरे पनि मान्छे खुशी हुँदैन ।
- सुतेको बेला सर्प, राजा, सिंह, बदेल, बालक, अर्काको कुकुर र मूर्खलाई नउठाउनु ।
- व्यभिचारी आमा, मूर्ख सन्तान, ऋण बोकाउने बाबु र रूपवती स्वास्नी यी सबै शत्रु हुन् ।
- मुर्खको मालिक बन्नु भन्दा विद्वानको दास बन्नु नै उत्तम हुन्छ ।

जुन काम तपाई आज गर्ने तयारीमा हुनुहुन्छ, त्यसलाई कहिल्यै पनि भोलिको निमित्त नराख्नु ।

सामाजिक सञ्जालको नियमन

केशव निरौला

नेपाल पत्रकार महासंघसँगको सहकार्यमा प्रेस काउन्सिल नेपालले पेसागत पत्रकारका लागि डिजिटल आचार संहितामा पनि समयानुकूल परिमार्जन गर्नुपर्ने हुन्छ । आधिकारिक सञ्चार माध्यममा प्रकाशित हुनुअघि वा कुनै आधिकारिकता पुष्टि नभई व्यक्तिगत सञ्जालमा मनगढन्ते सूचना हाल्ने पत्रकारलाई पनि पेसागत कारबाही गर्ने व्यवस्था मिलाउने हो कि ? यसतर्फ पनि सोच्नुपर्ने भएको छ ।

सूचनाको संकलन, सत्यापन र सार्वजनिकीकरण गर्दै समाजलाई सुसूचित गराउने जनउत्तरदायी एवं जिम्मेवार पेसा नै पत्रकारिता हो । पहिले छापामाध्यम (अखबार), रेडियो, टेलिभिजन जस्ता परम्परागत मिडियामा मात्र सीमित रहेको पत्रकारिताले सूचना र प्रविधिको युगमा 'अनलाइन प्लेटफर्म' लाई पनि दरिलो खम्बा बनाएको छ । सूचना सम्प्रेषणको गतिलो सारथि सरह विकसित सामाजिक सञ्जाल त मानव जीवनको एउटा अत्यावश्यक र अभिन्न अंग बनिसकेको छ । 'अनलाइन प्लेटफर्म' ले विश्वव्यापी रूपमा सञ्चार प्रणाली र पत्रकारिताको पहुँचलाई अझ चाँडो, सहज र सुविधासम्पन्न बनाएको पाइन्छ । नेपालको सन्दर्भमा पनि सुदूर गाउँबस्तीदेखि लिएर ठुलठुला सहरी क्षेत्रसम्म फेसबुक, युट्युब, टिकटक, एक्स (ट्विटर), इन्स्टाग्राम, ह्वाट्सएप जस्ता सामाजिक सञ्जालको प्रयोग दिनानुदिन बढ्दो छ। प्रविधिको द्रुततर विकासले आमनागरिकलाई स्वविचार, अनुभव, सिर्जना, दृष्टिकोण र प्रतिक्रिया खुला रूपमा प्रकट गर्ने र बहस गर्ने एउटा सबल र अभूतपूर्व सार्वजनिक मञ्च प्रदान गरेको छ ।

डिजिटल क्रान्तिको बढ्दो सुविधासँगै धेरै हदसम्म 'दुबिधा' पनि मौलाइरहेको पाइन्छ । सामाजिक सञ्जालको अनियन्त्रित र गैरजिम्मेवारपूर्ण प्रयोगबाट मूलधारको मिडियामाथि नै पटक पटक हमला भइरहेको छ । मूलधारका मिडियासहित समग्र पत्रकारितामाथि हुने हमलाले समाजमै बहुआयामिक विकृति निम्त्याइरहेको प्रस्ट देखिन्छ । यसै सन्दर्भमा भोटेकोशी हिमबाढीको त्रासदीजन्य दृष्टान्तलाई भुल्न सकिँदैन । हजारभन्दा बढी मानिसले ज्यान गुमाएका, हजारौं बेपत्ता भएका र कैयौं गम्भीर घाइते हुनुका साथै खर्बौंको धनसम्पत्ति स्वाहा भएको उक्त प्राकृतिक विपत्ति आफैँमा ठुलो शोक हो । यस्तो राष्ट्रिय शोक र विपत्को संवेदनशील अवस्थामा उद्धार र राहतका पछाडि जुट्नुपर्ने बेला सामाजिक सञ्जालभर भ्रामक सूचना, अप्रामाणिक विवरण र एआईनिर्मित मिथ्या तस्बिर तथा भिडियोहरूको बाढी नै आयो । जति सामाजिक सञ्जालमा मिथ्या र अपुष्ट कुरा आइरहे पनि तिनलाई धेरैले 'पत्रकारले मिडियामा हालेको' भनेर पनि बुझिरहे । यसैकारण वास्तविक र निष्पक्ष समाचार सम्प्रेषण गर्ने मूलधारको पत्रकारितासमेत सामाजिक सञ्जालको छिटो तर भ्रामक प्रभावको छायामा पर्न बाध्य भयो । प्रचारमुखी सञ्चारकर्मको चपेटामा भिजेको सिङ्गो पत्रकारिताको प्रतिष्ठा जोगाउन अहिले पनि हम्मे हम्मे परिरहेको छ । प्रेस काउन्सिल नेपालले पटक पटक निगरानी बढाएर चेतावनी दिँदा र कारबाहीको दायरामा ल्याउन खोज्दासमेत सञ्जालमा भ्रम फैलाउने होडबाजी रोकिएको पाइँदैन ।

सामाजिक सञ्जालको यस्तो सनसनीपूर्ण प्रयोगका कारण बर्सौंदेखि निष्ठाका साथ सञ्चालित आधिकारिक पत्रकारिता पेसाको विश्वसनीयता, मर्यादा र साखमाथि ठुलो धक्का पुगिरहेको छ । यसै गरी छद्म नामधारी, नक्कली र बेनामी एकाउन्टमार्फत हुने साइबर अपराध, वित्तीय ठगी, अफवाहको खेती, चरित्रहत्या र घृणास्पद अभिव्यक्तिले सामाजिक शान्ति, सद्भाव र व्यक्तिको गोपनीयताको अधिकारमाथि गम्भीर प्रहार गरिरहेको छ । यस्तो संवेदनशील अवस्थामा राज्यले नागरिकको अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक प्रावधानमा आघात नपर्ने गरी सामाजिक सञ्जाललाई व्यवस्थित, पारदर्शी र जिम्मेवार बनाउनुपर्ने आवश्यकता बढेको देखिन्छ ।

पत्रकारितामा संकट

सामाजिक सञ्जालको अनियन्त्रित र स्वच्छन्द प्रयोगबाट उत्पन्न सबैभन्दा ठुलो पीडा पत्रकारिता जगत्ले नै बेहोरिरहेको छ । पछिल्लो समय सामाजिक सञ्जालको पहुँचसँगै जोकोही प्रयोगकर्ताले पनि आफूलाई स्वत: पत्रकार घोषणा गर्ने र कुनै तथ्य प्रमाणबिना जे मन लाग्यो त्यही पोस्ट गर्ने होडबाजी चलेको देखिन्छ । सञ्जालमा कतिपय व्यक्तिले वास्तविक पत्रकारले नै लेखे जस्तो गरी सनसनीपूर्ण र आकर्षक शीर्षक राखेर भ्रामक, मनगढन्ते र अप्रामाणिक विषयवस्तु पोस्ट गर्ने परिपाटी दिनानुदिन मौलाइरहेको छ । यसरी पोस्ट गरिएका सामग्रीको न कुनै आधिकारिक स्रोत हुन्छ, न त त्यस्तो कुनै घटना भएकै हुन्छ । समाचारको थप खोजी गर्दा 'पेज प्राप्त हुन सकेन' भन्ने लिङ्क पो खुल्ने गर्छ । त्यत्तिकै बढीभन्दा बढी लाइक, भ्यु, कमेन्ट र सेयर पाएर भाइरल हुने वा केही आर्थिक लाभ कमाउने लोभमा कृत्रिम बुद्धि (एआई) बाट बनाइएका गलत सामग्रीका कारण सञ्जालमा आउने समाचारको सत्यता पहिचान गर्न अत्यन्त कठिन भइरहेको छ । आमसर्वसाधारण पाठक वा दर्शकका लागि कुन आधिकारिक न्युज पोर्टल वा सञ्चारमाध्यम हो र कुन भ्रम फैलाउनकै लागि खोलिएको नक्कली फेसबुक पेज वा युट्युब च्यानल हो भन्ने कुरा छुट्याउनै नसकिने जटिल अवस्था उत्पन्न भएको छ । यस्तो समस्या बढ्नुमा आमनागरिकमाझ 'मिडिया साक्षरता' को कमी पनि हो । यसैले सामाजिक सञ्जाललाई प्रेस काउन्सिल र आमसञ्चारका स्थापित आचारसंहिताको कोणबाट पनि नियमन गर्नु अनिवार्य भइसकेको छ ।

नक्कली खाताको पहिचान

मिडियाको साख जोगाउन र सामाजिक सञ्जालबाट हुने गरेका अनेकौं अपराध, वित्तीय ठगी, अश्लीलता, व्यक्तिगत चरित्रहत्या तथा सामाजिक वैमनस्य फैलाउने दुष्प्रचार रोक्ने पहिलो उपाय भनेको नक्कली, बेनामी वा छद्म नामधारी एकाउन्टमाथि प्रत्यक्ष नियमन गर्नु हो । मानिसले आफ्नो वास्तविक पहिचान लुकाएर इन्टरनेटको अभौतिक पर्दापछाडि बस्ने छुट पाउँदासम्म आपराधिक मनस्थिति र गैरजिम्मेवार व्यवहार अझ हाबी भइरहन्छ । कुनै पनि नागरिकले मोबाइलको सिमकार्ड लिँदा आफ्नो विस्तृत विवरण भर्नुका साथै नागरिकताको प्रतिलिपि, औँठाछाप र फोटो अनिवार्य रूपमा पेस गरे जस्तै सामाजिक सञ्जालको एकाउन्ट खोल्दा पनि सबै व्यक्तिगत विवरण र आधिकारिक सरकारी परिचयपत्र पेस गर्ने कानुनी र प्राविधिक व्यवस्था मिलाउनु उत्तम हुन्छ ।

नियमनको मुख्य व्यावहारिक ढाँचा अनुसार सामाजिक सञ्जालको प्रोफाइलमा देखिँदा व्यक्तिको नागरिकता वा आधिकारिक कागजात अनुसारको खास नाम र सम्पर्क टेलिफोन नम्बर मात्र सर्वसाधारणका लागि सार्वजनिक हुने व्यवस्था गरिनु पर्छ । सञ्जाल प्रयोगकर्तालाई आफूले गर्ने हरेक गतिविधिका पछाडि आफ्नै वास्तविक पहिचान जोडिँदा उत्तरदायित्व बढ्ने र छद्म नामबाट हुने डिजिटल अपराध पनि न्यूनीकरण हुने गर्छ । यसका लागि राज्यले सामाजिक सेवाप्रदायक संस्था वा निकायसँग आवश्यक समन्वय गरी कामकारबाही अगाडि बढाउनु उत्तम हुन्छ ।

न्यावहारिक कदम

सामाजिक सञ्जाल र नक्कली मिडियाका नाममा फैलिएको विकृति रोक्न प्रेस काउन्सिल नेपाल जस्ता नियमनकारी निकायहरूले आफ्ना परम्परागत शैलीभन्दा पनि थप प्रभावकारी कदम चाल्नु आवश्यक छ । काउन्सिलले समयानुकूल 'अटोमेटेड फ्याक्ट चेकिङ डेस्क' स्थापना गरी सञ्जालमा भाइरल भएका शङ्कास्पद सूचनाको तथ्य जाँच गरेर तत्क्षण सार्वजनिक गर्ने संयन्त्र बनाउनु पर्छ । अनलाइन मिडिया र युट्युब च्यानलका लागि अनिवार्य डिजिटल दर्ता वा विशिष्ट दर्ता नम्बर प्रदान गर्ने परिपाटी विकास गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा नागरिकमा आधिकारिक र अनधिकृत मिडियाबिचको भिन्नता छुट्याउन सक्ने 'मिडिया साक्षरता' को विकास हुन्छ ।

यसै गरी नेपाल पत्रकार महासङ्घसँगको सहकार्यमा प्रेस काउन्सिल नेपालले पेसागत पत्रकारका लागि डिजिटल आचारसंहितामा पनि समयानुकूल परिमार्जन गर्नुपर्ने हुन्छ । आधिकारिक सञ्चारमाध्यममा प्रकाशित हुनुअघि वा कुनै आधिकारिकता पुष्टि नभई व्यक्तिगत सञ्जालमा मनगढन्ते सूचना हाल्ने पत्रकारलाई पनि पेसागत कारबाही गर्ने व्यवस्था मिलाउने हो कि ? यसतर्फ पनि सोच्नुपर्ने भएको छ। साइबर ब्युरो र दूरसञ्चार प्राधिकरणसँग काउन्सिलको प्रत्यक्ष र तुरुन्त समन्वय हुन जरुरी छ । कतिपय अवस्थामा पत्रकारिताको आवरणमा चरित्रहत्या, ब्ल्याकमेलिङ वा ठगी गर्ने नक्कली सञ्जाल सञ्चालकलाई तुरुन्तै कानुनी दायरामा ल्याउनुपर्ने हुँदा काउन्सिल 'स्टेन्डबाई' हुनुपर्ने देखिन्छ ।

सामाजिक सञ्जाललाई नियमन गर्ने निहुँमा नागरिकको संविधानप्रदत्त स्वतन्त्रता वा विचार राख्ने अधिकारलाई कुण्ठित गर्न हुँदैन । नियमनको वास्तविक उद्देश्य नागरिककै हकअधिकारको पूर्ण रक्षा र सबै सञ्जाल प्रयोगकर्तालाई थप उत्तरदायी, अनुशासित र सचेत बनाउने मात्रै हुनु पर्छ । यी व्यावहारिक कदमसँगै मिडिया साक्षरता अभिवृद्धि गरी नागरिकलाई सही र गलत सूचना चिन्न सक्ने विवेकशील बनाउनु नै आजको प्रमुख आवश्यकता हो । गोप

सन्दर्भ : विश्व दृष्टि दिवस

उमेरसँगै "आँखालाई माया गरौं"

दमक/ 'आँखालाई माया गरौं, दृष्टिको रक्षा गरौं' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरेर विश्व दृष्टि दिवस मनाइँयो । विश्व दृष्टि दिवस हरेक वर्ष 'अक्टोबर' महिनाको दोस्रो बिहीबार मनाइन्छ । यस वर्षको नाराले व्यक्तिगत रूपमा आँखाको हेरचाह गर्न प्रेरित गर्नुका साथै सरकार र सरोकारवालालाई सबैका लागि सर्वसुलभ र गुणस्तरीय आँखा स्वास्थ्य सेवा सुनिश्चित गर्न आग्रह गरेको छ। साथै नाराले विद्यालय, कार्यस्थल र नीति निर्माण हुने स्थानमा आँखा परीक्षण तथा जनचेतनाका गतिविधि विस्तार गर्न पनि जोड दिएको छ ।

सन् १९८१ मा नेपालमा अन्धोपनको प्रचलन शून्य दशमलव ८४ प्रतिशत रहेकोमा सन् २०२२ को आरएएबी सर्वेक्षणमा यो शून्य दशमलव २८ प्रतिशतमा झरेको देखाएको छ । तर अन्धोपन घट्दैमा आँखाको स्वास्थ्यका सबै समस्या समाधान भएका छैनन् ।

नेत्रज्योति संघका कार्यकारी निर्देशक डा शैलेश कुमार मिश्रका अनुसार ग्लुकोमा, आँखाको पर्दासम्बन्धी रोग, मधुमेहसँग सम्बन्धित दृष्टि समस्या, उमेरसँग सम्बन्धित आँखाका रोग र दृष्टिदोषजस्ता समस्या पनि बढ्दो चुनौती बनेका छन् । बढ्दो औसत आयु, नसर्ने रोगको भार, बदलिँदो जीवनशैली र डिजिटल उपकरणको व्यापक प्रयोगले आँखाको स्वास्थ्यमा नयाँ किसिमका जोखिम थपिरहेका छन् ।

संघले हालसम्म पाँच करोड दुईलाख ४८९ जनालाई उपचार सेवा प्रदान गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया गरिसकेको छ। संघको हाल २८ आँखा अस्पताल, ४४ जिल्ला शाखाका २२६ उपचार केन्द्र मार्फत् नेपालीसहित अन्य विभिन्न विदेशी नागरिकलाई आँखा सेवा प्रदान गरिसकेको छ ।

निर्माण शुरू भएको छ वर्षमा एक तिहाइ पनि भएन काम

ताप्लेजुङ/ ताप्लेजुङको सदरमुकाम फुङलिङदेखि मिक्वाखोला गाउँपालिका जोड्ने नयाँ बसपार्क-माछापोखरी-हिरेवा दोभान सडक निर्माण सुरु भएको छ वर्ष पुग्न लाग्दा पनि एक तिहाइ काम पूरा भएको छैन । सडक निर्माणमा भएको ढिलाइका कारण स्थानीयवासीले सास्ती खेप्नु परेको छ भने पर्यटकीय क्षेत्रको विकाससमेत प्रभावित भएको छ ।

२०७७ साल फागुन ३० गते गौरी पार्वती तथा प्रतिष्ठा जेभीले नौ किलोमिटर सडक निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो । सम्झौता अनुसार निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि दुई पटक म्याद थप गरिएको छ। तर थपिएको समयसमेत सकिन लाग्दा सडकको भौतिक प्रगति एक तिहाइभन्दा कम रहेको तमोर कोरिडोर (सुभाङखोला-दोभान-ओलाङचुङगोला) सडक योजनाले जनाएको छ ।

सम्झौता अनुसार २०८१ भदौ ३० गतेभित्र काम सम्पन्न गर्नुपर्ने भए पनि निर्धारित समयमा काम नसकिएपछि दुई पटक म्याद थप गरिएको हो । हालको ठेक्काको म्याद २०८४ असार ३० गतेसम्म कायम छ। पहिलो पटक २०८३ वैशाख ३० गतेसम्म र दोस्रो पटक २०८४ असार ३० गतेसम्म म्याद थप गरिएको हो । कुल २६ करोड ४८ लाख ५६ हजार १६३ रुपियाँ ६८ पैसामा ठेक्का सम्झौता भएको सडकमा हालसम्म पाँच करोड ९९ लाख ६६ हजार ७६३ रुपियाँ ७९ पैसा भुक्तानी भएको छ। योजनाका अनुसार सडकको भौतिक प्रगति ३५ प्रतिशत मात्र छ ।

सडक निर्माणमा भएको ढिलाइले फुङलिङबाट मिक्वाखोला जाने स्थानीयलाई दैनिक आवतजावतमा समस्या भएको छ । सडकको अवस्था कमजोर हुँदा बिरामीलाई समयमै उपचारका लागि सदरमुकाम ल्याउनसमेत कठिनाइ हुने गरेको स्थानीयको भनाइ छ ।

फुङलिङ नगरपालिका-१ का स्थानीय कृष्णप्रसाद आचार्यले सदरमुकामसँग नजिकको क्षेत्र जोड्ने सडक लामो समयदेखि अलपत्र हुँदा स्थानीयले दु:ख पाएको बताए । मिक्वाखोला-५, पापुङका पर्यटन व्यवसायी नुपु छिरिङ शेर्पाले सडककै कारण फुङफुङे झरना, तोक्पेगोला, सोधोपोखरी, लोदेनलगायतका पर्यटकीय क्षेत्रमा अपेक्षा अनुसार पर्यटक पुग्न नसकेको बताए । सडक योजनाले निर्माण कम्पनीलाई पटक पटक काममा गति दिन ताकिता गर्दै आएको जनाएको छ ।

नेपालमा बालविवाहको जोखिममा अति विपन्न परिवारका किशोरी

दमक । नेपालमा पछिल्लो दुई दशकमा बालविवाहको दर घटे पनि अति विपन्न परिवारका किशोरीहरू अझै उच्च जोखिममा रहेको संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) को प्रतिवेदनले देखाएको छ । तुलनात्मक रूपमा धनी परिवारका किशोरीभन्दा अति विपन्न परिवारका किशोरीको १८ वर्षअघि विवाह हुने सम्भावना ४.४ गुणा बढी रहेको प्रतिवेदनमा उल्लेख छ ।

अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा सार्वजनिक 'नेपालमा बालविवाह अन्त्यका लागि एक दशकको तथ्याङ्क र एक आह्वान' नामक प्रतिवेदनअनुसार २० देखि २४ वर्ष उमेर समूहका १८ वर्ष नपुग्दै विवाह भएका महिलाको अनुपात सन् २००४ मा ३७ प्रतिशत रहेकामा सन् २०२४-२५ मा घटेर २८ प्रतिशतमा झरेको छ । त्यस्तै, १५ वर्ष नपुग्दै विवाह भएका किशोरीको अनुपात १० प्रतिशतबाट घटेर पाँच प्रतिशतमा पुगेको छ ।

नेपाल बहुसूचक सर्वेक्षण सन् २०१४, २०१९ र २०२४(२५ का तथ्याङ्क विश्लेषणमा आधारित प्रतिवेदनले बालविवाह न्यूनीकरणमा भएको प्रगतिबीच सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायमा अपेक्षित सुधार हुन नसकेको औंल्याएको छ । पछिल्ला वर्षमा विपन्न परिवारमा बालविवाहको दरमा खासै सुधार नदेखिए पनि धनी परिवारमा उल्लेख्य सुधार भएको प्रतिवेदनमा उल्लेख छ ।

नेपालका लागि युनिसेफकी प्रतिनिधि एलिस अकुङ्गाले बालविवाह घटाउन नेपालले महत्वपूर्ण प्रगति गरे पनि सबै बालिकाले त्यसको समान लाभ लिन नसकेको बताउनुभयो । उनले विशेषगरी विपन्न र सीमान्तकृत समुदायका बालिका अझै बालविवाहको जोखिममा रहेकाले लक्षित प्रयास आवश्यक रहेको बताइन ।

प्रतिवेदनअनुसार नेपालमा बालिकाको विद्यालयमा पहुँच बढ्नु र विवाहको औसत उमेर बढ्नु सकारात्मक प्रगति हुन् । सन् २००१ मा पहिलो विवाहको औसत उमेर १७ वर्ष रहेकामा सन् २०२४-२५ मा बढेर २०.६ वर्ष पुगेको छ । माध्यमिक शिक्षा पूरा गर्ने बालिकामा बालविवाहको जोखिम कम देखिए पनि गरिबी र अन्य समस्याका कारण जोखिममा रहेका किशोरीले बीचमै विद्यालय छाड्नुपर्ने अवस्था रहेको प्रतिवेदनले जनाएको छ ।

बाढीलगायत जलवायुजन्य विपद्ले बालिकाको शिक्षामा अवरोध पुर्‍याउनुका साथै परिवारको आयआर्जनमा असर पारेर बालविवाह र हिंसाको जोखिम बढाउन सक्ने प्रतिवेदनको निष्कर्ष छ । त्यसैले विपद्पछिको पुन:स्थापना तथा संरक्षणका कार्यक्रममा बालिकाको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने सुझाव दिइएको छ ।

बालविवाह अन्त्यका लागि अति विपन्न परिवारका बालिकालाई लक्षित सहयोग, किशोरावस्थासम्म विद्यालयमा टिकाइराख्ने कार्यक्रम, बाल संरक्षण प्रणालीको सुदृढीकरण तथा नकारात्मक सामाजिक सोच र व्यवहार परिवर्तनमा जोड दिन प्रतिवेदनले आग्रह गरेको छ ।

दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म बालविवाह अन्त्य गर्न सरकार, विकास साझेदार, नागरिक समाज, समुदाय तथा युवा र किशोरकिशोरीको संयुक्त प्रयास आवश्यक रहेको युनिसेफले जनाएको छ ।

पिङसँग जोडिएको रोचक प्रशंग

पिङको विश्व इतिहास खोतल्ने हो भने ग्रीकसम्म पुग्न सकिन्छ । इशापूर्व पाँचौ शताव्दीमा ग्रीक सभ्यताको अन्वेषण गर्ने क्रममा महिला तथा बच्चाहरू पिङमा रमाउँदै गरेको चित्र कोरिएको माटोको भाँडा भेटिएको थियो । जसले पिङ ग्रीक सभ्यतासँग गाँसिएको तथा इशापूर्व पाँचौं शताब्दीभन्दा अगाडिदेखि नै प्रचलनमा रहेको प्रमाणित हुन्छ ।

दशैंमा एकपटक भए पनि जमिन छाड्नुपर्छ भन्ने मान्यता छ । यसो गर्नाले मृत्यु पश्चात स्वर्गमा वास पाइने मिथक प्रचलित छ । यही मान्यतामा दशैंमा खेलिने पिङले आपसमा रमाउने र साथीभाइ सँग जमघट हुने बहाना दिएको छ ।

पुरानो समयमा पिङका रुपमा काठमा खोपेर र काठका टुक्रालाई जोडेर दुई खम्बामा ठड्याइ पिङ बनाइन्थ्यो । रोटेसनमा घुम्ने भएकाले रोटे पिङ नाम दिइएको यस्तो पिङ हिजोआज भने विरलै देख्न पाइन्छ ।

देशभरका अधिकांश क्षेत्रमा बाँसमा डोरी झुन्ड्याएर बनाइने पिङ प्रचलनमा छ । सामाजिक दूरी र डिजिटल कनेक्सनका कारण भौतिक जमघट गराउने पिङको महत्व कम हुँदै गएको पाइन्छ ।

पिङसँग प्रत्यक्ष रुपमा मनोरञ्जन गाँसिए पनि यो खेल स्वास्थ्यसँग पनि गाँसिएको छ । पिङ खेल्दा शरीर स्फूर्त र ताजगी रहन्छ । दशैंमा मीठो, मसिनो खासगरी मासुजन्य खानेकुरा खाने गरिन्छ ।

व्यायाम बिना एकोहोरो खाएको खानाले पाचनप्रणालीमा समस्या निम्त्याउँछ । खाना अस्वभाविक बोसोमा रूपान्तरण भई विभिन्न रोग लाग्ने हुन्छ । त्यसैले खानापछि पिङमा मच्चिनाले शरीरका मांसपेशीहरू चलायमान हुन्छ । पेटको व्यायाम हुन्छ । साथै पिङ खेल्दा भोक जाग्ने र पाचनमा पनि मद्दत गर्नुका साथै मस्तिष्कलाई पनि चुस्त बनाउँछ ।

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

मेरी क्युरी



◆ सुमित्रा सिंह

पोल्याण्ड : नोबेल पुरस्कार विजेता वैज्ञानिक
जन्म : १८६७ मृत्यु : १९३४

७ नोभेम्बर, १८६७ मा मारिया सालोमियाको जन्म भयो। मारियाको बोलाउने नाम मान्र्या राखियो। सानी मारिया फ्रेटा स्टिटमा धेरै समय बस्न पाइनन् । सन् १८६८ मा उनका पितालाई केटाहरूको एक स्कुलको निम्ति भौतिक शास्त्रको शिक्षक एवं उपप्रधानअध्यापकको रूपमा नियुक्त गरियो । त्यसैले तिनीहरू दक्षिणी वार्साको नोभोलिप्की स्टिटमा बसाइँ सरे ।

मारियाले आमा प्रधानअध्यापिका भएको फ्रेटा स्टिटको स्कुलबाट आफ्नो औपचारिक अध्ययन सुरू गरेकी थिइन्। मारिया ६ वर्षकी भएपछि उनलाई र उनकी दिदी हेलालाई घर नजिकैको एउटा स्कुलमा भर्ना गरियो ।

सन् १८९१ को अन्त्यतिर उनी पेरिसतिर लागिन् । फ्रान्स आइपुगेपछि मारिया सोर्बोन विश्वविद्यालयमा भौतिक शास्त्रको विद्यार्थीको रूपमा भर्ना भइन् । उनले आफ्नो नाम पनि फेरिन्। उनको नयाँ नाम मेरी स्क्लोवस्का थियो ।

मारिया पढ्ने विश्वविद्यालयमा २००० विद्यार्थीहरू विज्ञान पढ्दै थिए । जसमध्ये जम्मा २३ जना महिला थिए। मेरी त्यहाँ भौतिक विज्ञान अध्ययन गर्ने पहिलो सबैभन्दा कलिली केटी थिइन् ।

औद्योगिक भौतिक विज्ञान र रसायन विज्ञानको स्कुलमा काम गर्ने पियरे ३५ वर्षका थिए । उनले मेरीको निम्ति एउटा ठाउँ खोजिदिए। पियरे एक प्रतिभावान वैज्ञानिक थिए। उनले धेरै महत्त्वपूर्ण आविष्कार गर्नुका साथै चुम्बकत्वमा प्रशस्त ज्ञान हासिल गरेका थिए। उनी र उनका भाइ ज्याकले विद्युत र क्वार्टज क्रिस्टलको अध्ययन गरेका थिए। यही क्वार्टजको अध्ययनले नै क्वार्टज घडीहरू एवं माइक्रोफोनको आविष्कार सम्भव भएको हो।

पियरे र मेरीको भेट सन् १८९४ को वसन्त ऋतुमा भएको थियो। त्यो वर्ष गर्मी बिदामा पोल्याण्ड गएपछि पियरेले मेरीलाई धेरै प्रेमपत्रहरू पठाएका थिए । उनमा अझै एउटा दुविधा थियो। यद्यपि, यसको एक वर्षपछि मेरीले आफ्नो परिवार र साथीहरूलाई पियरे र उनको विवाह हुन लागेको खबर दिइन् ।

फ्रेन्च वैज्ञानिक हेनरी ब्याक्युरेल युरेनियम नामक धातुले दिने किरणहरूको बारेमा अध्ययन गर्न थाले । पीएचडी प्राप्त गर्नका लागि मेरीले नयाँ कुराको अध्ययन गर्नुपर्ने भयो । यस मामिलामा उनले ब्याक्युरेललाई पछ्याउने निधो गरिन् ।

सन् १९०२ मा पियरेले विज्ञान प्रतिष्ठानको सदस्यताको लागि आवेदन दिए तर उनलाई सदस्यता दिइएन। त्यही वर्षको जुलाईमा मेरीले रेडियमको सानो अंश

नुनको रूपमा छुट्याइन् । रेडियम तताएमा शक्तिको श्रोत हुन सक्ने तथ्यलाई मध्यनजर गरेर सम्पूर्ण सम्पूर्ण जनता यस अनौठो तत्त्वत्मा उत्सुक थिए । रेडियमको खोजीमा लाग्ने क्यूरी दम्पतीको विज्ञानको इतिहासमा स्थान सुनिश्चित थियो ।

सन् १९०३ को जूनमा मेरीले विकिरणको बारेमा तयार पारेको रिपोर्ट प्रोफेसरहरूको सामु प्रस्तुत गरिन्, जसले उनलाई पीएचडी डिग्री दिलायो । त्यस्तो डिग्री प्राप्त गर्ने उनी फ्रान्समै प्रथम महिला भइन्। नोभेम्बर, १९०३ मा उनले अझ ठूलो सम्मान प्राप्त गरिन्, भौतिक विज्ञानमा नोबेल पुरस्कार । यो पुरस्कार मेरी, पियरे र हेनरी ब्याकुरेललाई सँगै दिने घोषणा गरिएको थियो ।

मनोरञ्जन

प्रदर्शनमा आयो 'अक्षरा'

दमक/ दशैंको माहोल सुरु हुँदै गर्दा नेपाली फिल्म 'अक्षरा' शुक्रबारदेखि प्रदर्शनमा आएको छ । पारिवारिक सम्बन्ध, सामाजिक सोच र छोरीको जीवनसम्बन्धी निर्णयमा अभिभावकको भूमिकालाई प्रश्न गर्ने फिल्मले विशेषगरी छोरीको इच्छा र स्वतन्त्रताको विषयलाई उठाएको छ ।

विनयराज पौडेलको निर्देशनमा बनेको 'अक्षरा' मा सुशील सिटौला र न्यान्सी खड्का मुख्य भूमिकामा छन् । फिल्ममा सुशील पोखरेल, अंशु महर्जन, पुष्कर राउत, रिस्ता अधिकारी, उत्तम केसी र गीता अधिकारीलगायत कलाकारको अभिनय छ ।

फिल्मको कथाले अभिभावकले छोरीको इच्छा र चाहनालाई बेवास्ता गर्दै विवाह गराउँदा परिवारमा कस्ता समस्या उत्पन्न हुन सक्छन् भन्ने विषयलाई समेटेको छ ।

विवाहजस्तो महत्वपूर्ण निर्णयमा छोरीको चाहनालाई कत्तिको महत्त्व दिइन्छ र आफ्नो जीवनसाथी रोज्ने अधिकार उनलाई कति छ भन्ने प्रश्न पनि फिल्मले उठाएको छ ।

पारिवारिक सम्बन्धसँगै सामाजिक सोच र व्यक्तिगत स्वतन्त्रतालाई कथामा जोडेको 'अक्षरा' ले दर्शकलाई छोरीको इच्छा र निर्णयको सम्मान गर्नुपर्ने सन्देश दिने निर्माण पक्षको भनाइ छ । फिल्मले केन्द्रीय चलचित्र जाँच समितिबाट युनिभर्सल (यू) प्रमाणपत्र प्राप्त गरेको छ । अब पारिवारिक कथा र सामाजिक विषयवस्तुमा आधारित यो फिल्मले दर्शकको मन कत्तिको जित्न सक्छ भन्ने चासो छ ।

जीवन शैली

अण्डा खाँदा अल्जाइमरको जोखिम २७ प्रतिशतले कम

दमक/ अण्डाको सेवन दिमागका लागि फाइदाजनक हुन्छ कि हानिकारक ? यस विषयमा लामो समयदेखि बहस चल्दै आएको छ ।

र हालै सार्वजनिक भएको एक ठूलो र दीर्घकालीन अनुसन्धानले अण्डा सेवन र मस्तिष्कको स्वास्थ्यबीच सकारात्मक सम्बन्ध रहेको रोचक तथ्य बाहिर ल्याएको छ ।

एडभेन्टिस्ट हेल्थ स्टडी-२ नामक प्रतिष्ठित अनुसन्धानका अनुसार हप्तामा ५ देखि ७ वटा सम्म अण्डा खाने वृद्धवृद्धाहरूमा अल्जाइमर (बिर्सिने रोग)को जोखिम उल्लेखनीय रूपमा कम पाइएको छ ।

यो अनुसन्धान निकै विस्तृत र दीर्घकालीन रूपमा गरिएको थियो । अनुसन्धानकर्ताहरूले झन्डै ४० हजार व्यक्तिहरूलाई १५ वर्षसम्म निरन्तर पछ्याएर उनीहरूको खानपान र स्वास्थ्य अवस्थाको विश्लेषण गरेका थिए ।

विशेष गरी ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूमा केन्द्रित यो अध्ययनले देखाएअनुसार, नियमित रूपमा हप्ताको ५-७ वटा अण्डाको सेवन गर्नेहरूमा अल्जाइमर रोग लाग्ने सम्भावना २७ प्रतिशतसम्म कम देखियो । उमेर बढ्दै जाँदा देखिने मानसिक ह्रास र बिर्सिने समस्या न्यूनीकरणमा अण्डामा पाइने पोषक तत्वहरू सहयोगी हुन सक्ने अध्ययनको निष्कर्ष छ ।

अध्ययनले सकारात्मक नतिजा देखाए पनि विज्ञहरूले सबैका लागि एउटै नियम लागू नहुने सचेत गराएका छन् । चिकित्सकहरूका अनुसार मधुमेह, उच्च रक्तचाप, वा मुटुको समस्या (उच्च कोलेस्टेरोल) भएका व्यक्तिहरूका लागि अण्डाको पहेँलो भागको बढी सेवन उपयुक्त नहुन सक्छ ।

यो अनुसन्धान विशेष उमेर समूह (६५ वर्षमाथि) मा आधारित भएकाले, सबै उमेर र स्वास्थ्य अवस्थाका व्यक्तिहरूले आफ्नो स्वास्थ्य स्थिति हेरेर र चिकित्सकको सल्लाह लिएर मात्र अण्डाको मात्रा तय गर्नु उचित हुन्छ ।

सन्तुलित मात्रामा अण्डाको सेवनले दिमागलाई फाइदा पुर्‍याउने भए पनि आफ्नो शरीरको आवश्यकता र स्वास्थ्य अवस्थालाई ध्यानमा राख्नु नै सबैभन्दा बुद्धिमानी निर्णय हुने चिकित्सकहरूको भनाई छ ।

स्वास्थ्य

संखुवासभामा स्क्रब टाइफसका बिरामी ५६० पुगे

संखुवासभा/ जिल्लामा हालसम्म स्क्रब टाइफस सङ्क्रमितको संख्या ५६० पुगेको छ। साउनयता स्क्रब टाइफसका सङ्क्रमित ५६० जना बिरामी भेटिएका जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी दिपेश श्रेष्ठले जानकारी दिए । वर्षायामको समयमा घाँसपात तथा झाडी बढ्नुका साथै त्यसमा काम गर्ने क्रम बढ्ने भएकाले स्क्रब टाइफस सङ्क्रमित बढेका उनको भनाइ छ ।

चालु आर्थिक वर्षमा कोशी प्रदेशका १४ जिल्लामध्ये सङ्खुवासभामा सबैभन्दा बढी सङ्क्रमित भेटिएका छन् । संखुवासभा कोशी प्रदेशको पहिलो र देशभरमा तेस्रो स्थानमा रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी श्रेष्ठले बताए । उनका अनुसार साउनदेखि असोज २१ गतेसम्म जिल्ला अस्पतालमा ३९३ र जिल्लाका विभिन्न पालिकास्थित स्वास्थ्य संस्थामा १६७ जनामा स्क्रब टाइफस पुष्टि भएको हो ।

पछिल्लो समय जिल्लाको सभापोखरी गाउँपालिका स्क्रब टाइफसको उच्च जोखिममा परेको सूचना अधिकारी श्रेष्ठले बताए । जिल्लाका १० स्थानीय तहमध्ये सभापोखरी गाउँपालिकामा सबैभन्दा बढी ११० र चैनपुर नगरपालिकामा ४३ जनामा स्क्रब टाइफस पुष्टि भएको उनले जानकारी दिए ।

जिल्ला अस्पतालमा आर्थिक वर्ष २०८०र८१ मा ५४८, आव २०८१र८२ मा ३४१ र आव २०८२र८३ मा ४६७ जना स्क्रब टाइफसका सङ्क्रमित भेटिएका थिए । चालु आवको तीन महिनामा ५६० जना बिरामी भेटिएका जनाउँदै श्रेष्ठले यो संख्या गत आर्थिक वर्षभरि जिल्ला अस्पतालमा भेटिएका सङ्क्रमितभन्दा बढी रहेको बताए ।

जिल्लामा हालसम्म स्क्रब टाइफस सङ्क्रमणका कारण बिरामीको मृत्यु भने नभएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा सङ्क्रमित बढ्दै गएपछि नियमित रूपमा अद्यावधिक गर्न थालिएको सूचना अधिकारी श्रेष्ठले बताए ।

स्वास्थ्यकर्मीका अनुसार बिरामीको सङ्ख्या र सङ्क्रमणको अवस्थालाई हेर्दा जिल्लामा स्क्रब टाइफसको जोखिम अझै कायम छ । वर्षायाम र वर्षापछिको समयमा यसको जोखिम बढी हुने भएकाले लक्षण देखिएमा समयमै स्वास्थ्य संस्थामा पुगेर परीक्षण तथा उपचार गराउन उनले आग्रह गरे ।

उनका अनुसार उच्च ज्वरो, टाउको तथा शरीर दुख्ने, जाडो लाग्ने, ग्रन्थि सुन्निने, छालामा बिमिरा आउने तथा किर्नोले टोकेको स्थानमा कालो खटिरा जस्तो दाग देखिनु स्क्रब टाइफसका प्रमुख लक्षण हुन् । स्क्रब टाइफस ओरिएन्सिया त्सुत्सुगामुसी नामक ब्याक्टेरियाले लाग्ने रोग हो ।

पालिकाबाट निरौलाको बिदाई

दमक । झापा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाको बिदाइ भएको छ ।

निरौलाको बिदाइसँगै सोलुखुम्बुका सहायक प्रमुख जिल्ला अधिकारी देवेन्द्र सुवेदी झापा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा आउने भएका छन् ।

गाउँपालिकाका कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाको उपस्थितिमा आयोजित कार्यक्रममा वडाध्यक्षहरू तथा गाउँपालिकाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

आज मिति
२०८३ साल
असोज २५ गते
आइतबार
11 Sept. 2026
तिथि: प्रतिपदा
घटस्थापना

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	मावलीबाट सहयोग । व्यापारबाट लाभ ।
वृष	इ उ ए ओ वा वि वु वे वो	शिक्षामा रुचि । शत्रु परास्त ।
मिथुन	का कि कु घ ङ छ के को हा	घरायसी सामान जोड्ने लेनदेनमा सफल ।
कर्कट	हि हु हे हो डा डि डु डे डो	हिम्मत आँट बढ्ने । कार्यमा सफल ।
सिंह	मा मि मु मे मो टा टि टु टे	मित्रबाट सहयोग । धर्ममा रुचि ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	कार्यमा सफल । आफन्तबाट सहयोग ।
तुला	रा री रु रे रो ता ती तु ते	अनावश्यक भ्रमण । खर्च बढ्ने ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	दाजु, काकाबाट सहयोग । आयमा सामान्य बृद्धि ।
धनु	य यो भा भी भ धा फा ढ भे	धर्ममा रुचि । व्यवसायमा सफलता ।
मकर	भो जा जी खि खू खे खो गा गी	राज्य पक्षबाट सहयोग । परोपकारमा मन लाग्ने ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	नजिकको तिर्थयात्रा । उत्तम भोजन ।
मीन	दि दु थ झ ञ दे दो चा ची	शरीरमा केही समस्या । अकस्मात केही लाभ ।

एमालेद्वारा चिल्ड्रेन पार्कमा बृक्षारोपण

दमक । नेकपा एमाले वडा कमिटी दमक-८ ले वडामा सरसफाईसहित बृक्षारोपण गरेको छ । वडा कार्यालय अगाडीबाट चिल्ड्रेन पार्क सम्म सरसफाइ गरेको हो । एमाले नेता कार्यकर्ता, शुभेच्छुक, सर्वसाधारण र जनप्रतिनिधिहरूको सहभागितामा १ सय बढी बृक्षारोपण गरिएको पार्टी वडा कमिटी अध्यक्ष खेम बहादुर श्रेष्ठले बताए । चिल्ड्रेन पार्कमा चाइना डल, बेगन बेली, धुपी, आँप र लिची लगायतका १ सय बढी बिरुवा रोपिएको एमाले कोशी प्रदेश स्थानीय विभाग सदस्य तथा दमक ८ का वडा अध्यक्ष धर्म प्रसाद दाहाल (दिपेश)ले जानकारी गराए । **तस्बिर : मनकुमार गदाल**

अन्तर्राष्ट्रिय

भारतमा दर्जनौ विपक्षी नेता, सयौं प्रदर्शनकारी पक्राउ

एजेन्सी । भारतमा दर्जनौं विपक्षी नेताहरु पक्राउ परेका छन् । प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग्दै राजधानीमा प्रदर्शन चलिरहेका बेला विपक्षी नेताहरु पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा पश्चिम बंगालकी पूर्वमुख्यमन्त्री ममता बनर्जी, केरलाका पूर्वमुख्यमन्त्री पिनरायी विजयन्, दिल्लीका पूर्वमुख्यमन्त्री अरवीन्द केजरीवाल समेत छन् । यसका साथै तृणमूल कांग्रेसका नेताहरु डेरेक ओब्रायन, डोला सेन र अरु सदस्यहरु पनि पक्राउ परेको पीटीआईले जनाएको छ । उनीहरुलाई साउथ एभिन्यूबाट पक्राउ गरिएको हो ।

त्यसैगरी, वृन्दा कराट र एमए बेबीसहित भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादीका अरु नेताहरु पनि पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादी लेनिनवादी-लिबरेशनका नेता दिपांकर भट्टाचार्य, राजनीतिक अभियन्ताहरु प्रशान्त भूषण र योगेन्द्र यादव समेत छन् । त्यस्तै, अखिल भारतीय विद्यार्थी संघकी नेतृ नेहा बोरालाई पनि पक्राउ गरिएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

यसअघि प्रदर्शनको आह्वान गरेको कक्रोच जनता पार्टीका नेताहरु अभिजित दिपके, सौरभ दास र आशुतोस रंकालाई पनि प्रहरीले दिल्ली विमानस्थलबाट नियन्त्रणमा लिएको थियो ।

त्यसअघि युट्युबर ध्रुव राठीलाई पनि प्रहरीले पक्राउ गरेको थियो । प्रहरीले मुम्बईबाट भारतका राष्टङपिता महात्मा गान्धीका पनाती तुषार गान्धीलाई पनि पक्राउ गरेको छ ।

मौसमी हाँस्य - व्यंग्य

बूढो ऐंसेलु झाँगेले दुईजना नयाँ केटालाई ठगेको दुरन्त कथा !

-: व्यंग्यनारान पाँडे :-

चालू चल्तीको राजनीति र सरकारी सरोकारका सबै कुराको जानिफकार म नै हुँ भने झैं फुइँ हाँक्तै कुनै दिन ऐंसेलु झाँगे, कुनै दिन गौंथलीको बाऊ, कुनै दिन हरिराम पुरेत बाजे आदि जस्ता अरिमठे, मल्लिँडे, कोदे-पाङ्दुरेका अनावश्यक किचकिचले, घरैमा चूपचाप बसिरहँदा पनि, सँधै हैरान थियो यो पाँडे । त्यसो भइरहे पनि तिनीहरू विभिन्न पार्टी नेताका कमैया स्तरीय सुण्ड-मुसुण्डहरू थिए र तिनले लगातार दिने हैरानीलाई कहिलेकहीँ असह्य हुँदा गाली भकुर्दै धपाउन र हातै उठाउन समेत बाध्य हुनैपर्थ्यो तापनि बढ्ता चाहिँ, 'छोइपासो' लाग्ने डरले, सहँदै आएको थियो पाँडेले । ती पालैपालो आउँथे र भाङ-धतुरे कुराले पाँडेको दिमाग गिजोलेरै जान्थे । तर, बीचको एक हप्तायता ती कता अल्मलिए कुन्नि, ती कोही पनि नआएकाले पाँडेको कान न्यानो भएको थियो । र, हिजोदेखि पढ्न थालेको उपन्यास सक्न एक-दुई पन्ना मात्र बाँकी थियो - ऐंसेलु झाँगे त 'दार्जीलिङको बस स्याण्ड ब्राण्डका' पेट टाँसिएका भ्याप्ले दुईटा कलिला केटासँग टुप्लुक्क ! हत्तेरिका हौ, वाक्क ‼...

ती तिनैजना धडाधड पाँडे बसिरहेको बार्दलीमा उक्लेपछि ऐंसेलु झाँगेले लगत्तै ती केटाहरूलाई पाँडेको परिचय गराउँदै भन्यो -"लु इनै हुन् मैले व्याङ नारान भनेर पर्सम्सा गरेका पाँडेजी अनि मेरो हकभोगको कम्रेटी छेत्रको एरिआका वान्लीवान पर्तिस्टित ज्यान्टिलम्यान, धनाड्डे अनित्याँड एक्लम्बरको इन्टेलेक्चुलता भ'का दिलधार एमे-बीए पास बिध्वान पर्सोनालिटिक । इन्ले तिमेरू जैसा पर्देशी र ज्यान्जी उमेरका अल्लारे-बल्लारे केटाहरूको इजोत गर्ण जति जान्दछन् तेस्को दश पर्सेन नि तिमेको इण्डे देस नयाँ डिल्लीका पाइमिस्टर नरेन मोधीले पनि जान्या भा म गाई खाने ल ।"

अगि आइपुग्दापुग्दै कुर्सीमा बसिसकेका ती दुई भ्याप्लेले मुखामुख गरे र बसी-बसी नमस्कार गरे ।

पाँडेले सोध्यो -" को हुन् यिनीहरू ? कहाँबाट आएका ?"

झाँगेले हतार-हतार भन्यो -"इनेरू दोर्झेलिङको च्या कमानवाला हुन् । यिनेरले एउडा कट्टर नेपाली सामस्किर्तिक कलप थापित गरेर पिउर नेपाली कल्चेरल पोरगामको टेनिङ गराउने टेनिङ स्यान्टर चलाउने भ'छन् र टुइस्-उइस् र क्यार्भे-उभ्रे डानस नात्न जान्ने दुईचाडा लड्का र दुईचाडी लड्की छानेर लग्न अनि तपइँ जैसा माजन दानभीर समच्छे हात पसारेर सो-उक्त स्यान्टर थापनाको खर्चका लागि चण्डा माङ्न समेत आका हुन् । कति तपइँको इजोतले दे भन्छ डेढ-दुई हज्जारको लोभ नगरी देऊ भन्छु म चइँ । किन भनेर भन्लाऊ भने तपइँको उच्चा पर्तिस्टा म बाएक अरूलाई थाही काँ छ र ? र, एति सज्जेक्सिन् दिणु मेरो नइतिक कर्तब्बेता पनि हो ।"

उसका फुर्क्याइ सुनेर पाँडे एक अध्याय जोडले हाँस्यो र ती केटाहरूतिर फर्केर हाँस्तै सोध्यो -"हन दार्जीलिङको चिया कमानका मालिक मान्छेलाई नाचगानको सेन्टर खोल्न रहर जाग्दा चन्दा माङ्नु पर्छ र ? अप्ठ्यारो लाग्दैन, हँ भाइहरू ?"

अनुहार कुच्याउँदै ती दुईले मुखामुख गरेपछि एउटाले कुन्द्रे आँखाले झाँगेतिर हेर्दै भन्यो -"ह्याँच्, अन्त हो, यो दजु त लास्टै उत्यो पो रैछ जी ! अन्त हो, हामेरू च्या बगानवाला मोन्छे हो भनेर हामेरले कैले भन्यो हँ ? कस्तो भिलेन पो खेल्दो रैछ होउ यो दजु त छ्या:, रड्डी न रड्डी !" -अनि पाँडेतिर हेर्दै भन्यो -"हामेरू त उत्त डाजिङमा ट्यास्सीको खलासी काम गर्ने केटा हो क्या । उत्त पिरथिभिनगर कि के, होउ त्याँ मेरो छेमा बस्छ कि अन्त उस्लाई भेट्नु आको । अन्त हिजु भद्रपुर घुम्नु आउँदा भोक लाग्यो कि अन्त उत्त जाने बाटोको एउटा च्या दोकानमा पोस्ता यो दजुसङ्ग फस टायम त्याइँ भेटेको हामेरले । अन्त यो दजु आफ्फै हामेरूसङ्ग बोलेको । उसङ्ग एउडा मोटो आइमे र हरि बाजे भन्ने मोन्छे पनि तान्दैथ्यो त्यो ट्याममा । आइले त के-के कुरा पो भन्दो रैछ ! छ्या: कस्तो रेल्ला गरेको हउ !"

त्यो केटाले यसो भनिरहँदा झाँगे चाहिँ -"पेसाप लाग्यो!" भन्दै घरपछाडिको शौचालयतिर लागेर निकै बेर हरायो । त्यसबेला त्यो केटाले अझ पोल खोलेर बतायो -"यो मोन्छेले त जो मोन्छेलाई भेट्यो तेल्लाई लाटा पार्ने खाल्को बात गर्नु जान्दो रैछ कि सर ! एक्चुली उसैले मासु मङ्गायो, रम-हुस्कीहारू मङ्गायो र हामेरलाई भक्कु मतायो । ऊ आफै अनि त्यो आइमे र त्यो बाजे अग्गि नै भ्याप थ्यो, हामेरूसङ्ग अज्ज भ्याप खायो । अन्त पैसा तिर्ने ट्याममा उस्को पर्स घरमा छुटेछ भन्यो ।... उस्ले उस्को बऊ हो कि बाजे चार ट्याम प्राइमिस्टरको पेन्सन खाको नेपालको सब्से ठूलो मोन्छे छ र ऊ आफुइँ चैं यो ठउँको ठूलो सारदार कामरेट भन्ने बताको उसले । र, 'आइले तिमेरू पैसा तिर्नु अन्त आजुका रात मेरो घरमा सुत्नु , म घरमा पुक्नुसाथ तिमेरको पैसा दिन्छु भन्यो नि भन्नु त तर घरमा पुक्नुसाथ भूइँमै सुतिगो । अन्त आइले बेहान मागेको कि 'मेरो साथीकोमा मेरो पान्छे हाजार रुप्प्या पौनु छ, जुम् तिमेरू पनि, उत्तैदेखि पिरथिभिनगर जाने बस पनि पउँछ भनेर यता तपइँकोमा ल्याको त्यो दजुले । यता आएर तेस्तो नाभाको-नाभाको के-के पो भन्छ बौला मोन्छे जस्तो ! भरेभन्दा तो दजु त केको कामरेटको सर्दार न नेता न सेता, लाल्टै ठग - लास्टै कच्चडा पो रैछ । हामेरको जम्मै पैसाले पनि नपुगेपछि त्यो दोकाने बिहारीले यो मेरो साथीको रोलेस घडी पनि राखेको उइ दजुले भनेर ! ... त्यो दजु अैले इइँदेखि कता पो गोयो ?"

पाँडेले भन्यो -"पिसाब फेर्न जान्छु भनेर यतै घर पछाडिको टोयलेटतिर गएको थियो, कि त्यतै-त्यतै भाग्यो हँ ?" अर्को चाहिँ केटो 'खोइ' भन्दै उठेर हेर्न गयो र फर्केर आउँदै भन्यो -"टाप लाएछ सालाले !"

एकछिन् कोही बोलेन ।

फेरि उही अघि कैरन लाउने चाहिँले भन्यो -"लौ सर, हामेरू त्यो दजुको घरतिर गोएर भेट्यो भने के गर्ने नगरी कसरी भयो त ? अब हामी जान्छउँ ल !"

विचराहरू निराश भएर गइरहेकातिर हेर्दै पाँडेले मनमनै भन्यो -"हन कस्ता-कस्ता मान्छे पनि तयार गरेर समाजमा छाडा छोडेको रहेछ हँ यो 'समय'-ले, हँ ?".....

पुन: निर्माणका लागि अस्ट्रेलियाको अनुदान

दमक/ बाढीपछिको पुनर्निर्माणका लागि अस्ट्रेलियाले थप एक करोड ५० लाख अस्ट्रेलियन डलर अनुदान दिने घोषणा गरेको परराष्ट्रमन्त्री शिशिर खनालले जानकारी दिएका छन् ।

फिजी र टुभालुमा आयोजित जलवायु परिवर्तनसम्बन्धी उच्चस्तरीय 'प्रि(कोप लिडर्स इभेन्ट' मा सहभागी हुनुका साथै अस्ट्रेलियाको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्कने क्रममा शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले उक्त जानकारी दिएका हुन् ।

मन्त्री खनालका अनुसार बाढी विपद् प्रतिकार्यका लागि अस्ट्रेलियाले घोषणा गरेको कुल सहायता दुई करोड ६० लाख अस्ट्रेलियन डलर पुगेको छ ।

जलवायु परिवर्तनसम्बन्धी उच्चस्तरीय छलफलमा सहभागी हुँदा आफूले हिमनदी पग्लिने र समुद्री सतह बढ्ने समस्या एकअर्कासँग जोडिएका जलवायु संकटका पक्ष भएको उल्लेख गर्दै हिमालदेखि समुद्रसम्मका राष्ट्रबीच सहकार्यमा जोड दिएको उनले बताए ।

आगामी नोभेम्बरमा टर्कीएको अन्टाल्यामा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप(३१) का लागि नेपालको प्राथमिकता प्रस्तुत गर्दै मन्त्री खनालले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्यप्रतिको प्रतिबद्धता दोहोऱ्याएका थिए ।

त्यस्तै, ऋणको भार नथपिने गरी अनुदानमा आधारित जलवायु अनुकूलन वित्त उपलब्ध गराउन, हानि तथा नोक्सानी कोषको प्रभावकारी परिचालन गर्न र 'सगरमाथादेखि समुद्रसम्म' साझेदारी विस्तार गर्न उनले जोड दिएका थिए ।

अस्ट्रेलियाका विदेशमन्त्री पेन्नी वोङसँगको द्विपक्षीय वार्तामा जलवायु सहकार्य, पूर्वसूचना प्रणालीको आधुनिकीकरण, जलवायु अनुकूलित पूर्वाधार निर्माण र प्राविधिक साझेदारी विस्तारका विषयमा छलफल भएको मन्त्री खनालले जानकारी दिए ।

यसैगरी, न्यु साउथ वेल्सका प्रिमियर क्रिस मिन्ससँगको भेटमा बाढी तथा डढेलो व्यवस्थापन र विपद्पछिको पुनर्निर्माणमा अनुभव आदानप्रदान गर्ने विषयमा छलफल भएको उनले बताए ।

निर्वाचन समिति संयोजक छविन्द्र कार्कीका अनुसार अधिवेशनबाट समावेशी तथा विभिन्न

विधागत समूहको प्रतिनिधित्व हुने गरी ३५ जना महाधिवेशन प्रतिनिधि चयन भएका छन् ।

खुला महिलातर्फ महेन्द्रकुमारी सुब्बा, गोमा बुढाथोकी प्रसाईं, लता चापागाईं रिजाल र राजकुमारी राजवंशी निर्वाचित भएका छन्। खुलातर्फ डा. खगेन्द्र पाण्डव अधिकारी, दिलबहादुर बुढाथोकी, घनेन्द्रराज योङ्या, राजकुमार न्यौपाने, सियाराम राजवंशी, गणेशबहादुर बुढाथोकी, वीरेन्द्र पोखरेल, जीवन न्यौपाने, राजेन्द्र कार्की र राजेन्द्र प्रसाईं चयन भएका छन् ।

खुला समावेशीतर्फ कल्पना राई, विष्णु सुब्बा, पुरन अधिकारी (पवन), जितेन राई, दिलकुमारी सुब्बा (दिलु) र छविलाल भण्डारी (कपिलमणि) निर्वाचित भएका छन् । त्यस्तै, किशोर कोइराला, नारायण बराल, वसन्त बुढाथोकी र राजेन्द्रकुमार प्रसाईं पनि महाधिवेशन प्रतिनिधि चयन भएका छन् ।

विधागत प्रतिनिधित्वतर्फ विज्ञ समूहबाट रघुनाथ भण्डारी, श्रमिकतर्फ बाबुराम अधिकारी, युवा समूहबाट युनिश कुँवर र आकृति तामाङ तथा ४० वर्षमुनिको समूहबाट द्रोण दाहाल र नीलकमल राई (नीलु) निर्वाचित भएका छन् ।

यसैगरी, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गर्दै डिल्लीराम काफ्ले, प्रजातन्त्र सेनानीतर्फ अम्बिकाबहादुर खड्का र मुस्लिम कोटाबाट इस्साफिल मियाँ महाधिवेशन प्रतिनिधि निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

चाडपर्व.......कर्मचारीहरूलाई नियमानुसार कारबाही गर्न निर्देशन दिएको छ, जसले प्रशासनिक क्षेत्रमा अनुशासन र उत्तरदायित्व कायम गर्न महत्वपूर्ण टेवा पुर्याउने अपेक्षा गर्न सकिन्छ ।

विपद्का कठिनाइ र चाडपर्वको भीडभाडबाट सिर्जना हुन सक्ने सम्भावित सुरक्षा जोखिमलाई मध्यनजर गर्दै कोशी प्रदेशभर सुरक्षा व्यवस्था अत्यन्त कडा पारिएको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरद्वारा 'चाडपर्व सुरक्षा कार्ययोजना, २०८३' लागू गरिएको छ, जसअन्तर्गत प्रदेशका १४ वटै जिल्लामा कुल ८ हजार १ सय ३३ जना सुरक्षाकर्मीहरूलाई मैदानमा उतारिएको भनिएको छ । बजार क्षेत्र, सार्वजनिक यातायात, मुख्य राजमार्ग, धार्मिक स्थल, वित्तीय केन्द्रहरू तथा खुला सीमानाकाहरूलाई विशेष प्राथमिकतामा राखेर सुरक्षा निगरानी बढाइएको प्रहरी श्रोतको दावी छ । चाडपर्वमा यात्रा गर्ने क्रममा यात्रुहरू ठगिने वा सामान चोरी हुने घटना रोक्न बसपार्क तथा राजमार्गका ७२ स्थानमा यात्रु सहायता कक्षहरू सञ्चालनमा ल्याइएका छन् । आकस्मिक दुर्घटना वा आपत्कालीन घटना घटीहालेमा तत्काल परिचालन गर्न सकिने गरी ४ सय ५३ वटा क्विक रेस्पोन्स टिम (क्यूआरटी), १५ वटा विशेष स्ट्राइकिङ टोली र २२ स्थानमा विशेष स्कर्टिङको व्यवस्था मिलाइएको बताइएको छ । यसका अतिरिक्त, प्रदेशभर ९८ वटा मोबाइल गस्ती, २ सय १५ वटा पैदल गस्ती, ५ सय ३ वटा पिकेट तथा ट्राफिकसहित १ सय ७९ स्थानमा संयुक्त जाँचको व्यवस्था गरिएको छ भने सीमानाकाका अवैध धन्दा रोक्न ८३ स्थानमा विशेष निगरानी समूह खटाइएको छ ।

समग्रमा भन्नुपर्दा, प्राकृतिक प्रकोप, बजारको चरम महँगी र ग्यास अभाव जस्ता गम्भीर चुनौतीहरूको बीचमा आएका यी चाडपर्वहरूलाई शान्तिपूर्ण, मर्यादित र भयरहित बनाउन सरकार र सुरक्षा निकायले चालेका कदमहरू सकारात्मक र सराहनीय छन् । तर, यी प्रयासहरू घोषणामा मात्र सीमित नरही बजार अनुगमनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ । अवरुद्ध सडकहरूको तत्काल मर्मत गरी आपूर्ति शृंखलालाई सुचारु बनाउन सकेमा मात्रै विपद्ले आक्रान्त बनेका आम नागरिकले वास्तविक रूपमा राहत र सुशासनको अनुभूति गर्न सक्नेछन् । यसका साथै स्थानीय सरकारले पनि बढ्दो महँगी र अखाद्य बस्तुको विक्रिवितरणबारे अध्यायन र बजार अनुगमन गर्न आवश्यक देखिन्छ ।

स्ट्रबेरी... लगानी पनि गर्छ। दुई लाख रुपियाँ ऋण लिएर सुरु गरेको पूजाको खेती हाल चार रोपनीमा विस्तार भइसकेको छ ।

पूजाले गत वर्ष तीन रोपनीमा गरेको खेतीबाट छ लाख रुपियाँको स्ट्रबेरी बिक्री गर्नुभयो । त्यसपछि स्थानीय छिमेकीहरू पनि पूजाबाट तौरतरिका सिक्दै स्ट्रबेरी खेतीमा लागेका छन् । "भोगटेनीमा पशुपालन पनि फस्टाएकाले गोबरमलको प्रयोगबाट उत्पादन पनि बढाउन सकिन्छ ।" पूजाको परिवारले एउटा गाई र ४० वटा बाख्रा पालेर मलको व्यवस्थापन गरेको छ। अर्गानिक उत्पादन भएकाले अहिलेसम्म बजारमा बिक्री गर्न समस्या नभएको उनको भनाइ छ ।

व्यापारीले घरमै पुगेर प्रतिकेजी करिब ४५० रुपियाँमा स्ट्रबेरी खरिद गर्ने गरेका छन् । पूजाको सफलताबाट प्रभावित २३ वर्षीय मोहन मगरले पनि एक रोपनीमा स्ट्रबेरी लगाउनुभएको छ। पहिलो वर्षमै तीन सय किलो उत्पादन गरी एक लाख ३५ हजार रुपियाँ आम्दानी गरेपछि उनले खेती विस्तारको तयारी गरेकी छन् । उनीमात्र होइन, सुमित्रा राईले तीन रोपनीमा धमाधम बिरुवा लगाइरहनुभएको छ । बिक्की मगरले डेढ रोपनीमा स्ट्रबेरी रोप्दै छन् । साउनदेखि रोप्न थालेर भदौ अन्तिमसम्म रोपेको बिरुवाले मङ्सिरदेखि उत्पादन

कांग्रेसमा....लिम्बूले गरेकी थिइन् ।

प्रदेश सभा (क) र (ख) मा अधिकारी द्वय अधिवेशनले प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर ५ (क) को सभापतिमा नारायण अधिकारी र ५ (ख) को सभापतिमा विशाल अधिकारीलाई चयन गरेको छ ।

त्यसैगरी, पार्टीको नीति निर्माण र सांगठनिक गतिविधिमा महत्त्वपूर्ण भूमिका रहने १३ जना महासमिति सदस्य निर्वाचित भएका छन्। निर्वाचित हुनेमा महेन्द्रकुमारी सुब्बा, गोमादेवी प्रसाईं बुढाथोकी, लतादेवी चापागाईं (रिजाल), कल्पना राई, दिलबहादुर बुढाथोकी, डा. खगेन्द्र पाण्डव अधिकारी, घनेन्द्रराज योङ्या, सियाराम राजवंशी, राजकुमार न्यौपाने, वीरेन्द्र पोखरेल, गणेशबहादुर बुढाथोकी, युवा समूहबाट युनिश कुँवर र राजकुमारी राजवंशी छन् ।

झापाको दमक ८ स्थित सरस्वती टोल विकास संस्थाले शनिबार टोलको सरसफाई गरेको छ । टोल सफा राख्ने उद्देश्यले संस्थाको अगुवाइमा टोल सरफाई गरिएको टोलका कोषध्यक्ष राजु कटुवालले बताए । पूर्व पश्चिम राजमार्गदेखि दक्षिण सजिलोमार्टसम्म सरसफाई गरेको जानकारी कटुवालले गराए ।

झापामा....व्यवस्थाबारे जानकारी गराइएको थियो ।

जिल्लामा ३८ चिया उद्योग सञ्चालनमा छन् । गत आर्थिक वर्षमा झापामा नौ करोड ८५ लाख किलो सिटिसी चिया उत्पादन भएको थियो । जिल्लामा १० हजार ५०० हेक्टर क्षेत्रफलमा चिया खेती हुँदै आएको छ । त्यसमध्ये तीन हजार ६०० हेक्टरमा साना किसानले चिया खेती गर्दै आएका छन् भने करिब तीन हजार किसान यस क्षेत्रमा संलग्न छन् ।



◆ प्रकाशक : कल्याणी दाहाल ◆ सम्पादक : गञ्ज बहादुर दाहाल ◆ लेआउट : सुरेन बस्नेत ◆ मुद्रण अमरज्योति अफसेट प्रेस, दमक-११, ◆ कार्यालय : दमक-५, एलम्बर चोक, ◆ सम्पर्क ०२३-५८०२७२ ◆ इमेल : janajoytiweekly01@gmail.com